आ.ब. २०७५/७६ को
नीति, कार्यक्रम तथा बजेट



सुनिल स्मृति गाउँपालिका
रोल्पा जिल्ला
प्रदेश नं ५
२०७५/०३/२४

सुनिल स्मृति गाउँपालिकाको चौथो गाउँसभाका उपाध्यक्ष ज्यू,

पूर्व सहायक मन्त्री रेग बहादूर सुवेदी ज्यू,

विभिन्न राजनितिक दलका प्रमुख एंव प्रतिनिधि ज्यूहरु,

गाउँसभाका सदस्यहरु,
समाजसेवी तथा वुद्धिजीवीहरु,
सम्पुर्ण कर्मचारीहरु,
पत्रकार, सुरक्षाकर्मी तथा
उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम हाल देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे जनयुद्द, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न समयमा भएका राजनैतिक आन्दोलनको परिणाम स्वरुप २०७० सालमाभएको दोस्रो संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी गरेको संविधान अहिले कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारिक रुपान्तरण गर्ने क्रममा स्थानीय प्रतिनिधि सभा राष्ट्रिय सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भईसकेको छ । यसै सन्दर्भमा आज हामी यस सुनिल स्मृति गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो चौथो गरिमामय गाँउसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत र गौरवान्वित भएका छौं ।

देशलाई यस स्थितमा ल्याइपुर्‍याउन आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात,अज्ञात सम्पुर्ण महान सहीदहरु, जनयुद्ध र जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु,वेपत्ता पारिएका तथा देशमा गणतन्त्र र संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरुलाई ह्रदयदेखि सम्झन चाहन्छु ।

अध्यक्ष महोदय,

अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्ताान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ ,शहर, बस्ती, टोल आफैँ बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो ।

अव म प्रथम गाउँ सभावाट पारित मुख्य मुख्य निति तथा कार्यक्रम र वजेटको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सडक निर्माण र स्तरउन्नतीको सम्वन्धमा गाउँपालिकाको सवै वडामा ट्रयाक खोलिएको र धेरैजसो सडकहरु स्तरउन्नती गरिएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

२. यस गाउँपालिकाको प्रमुख पेशाको रुपमा रहेको कृषि क्षेत्र लाई व्यवसायिक र आधुनिकि करण गर्ने सन्दर्भमा सोही अनुसारका कार्यक्रम तय गरी ठाउ अनुसारको पकेट क्षेत्र घोषणाको तयारी गरिएको छ ।

३. स्वच्छ खानेपानीमा नागरिकको पहुँच बृद्धि गर्न एक घर एक धाराको निति अनुसार कार्यक्रम कार्यान्वयन गरिएको छ । वढ्दै गएको शहरीकरण लाई व्यवस्थित गर्न फोहरमैला व्यवस्थापनको लागि फोहरमैला संकलन केन्द्र खोजी कार्य जारी राखिएको छ ।

४. शिक्षा क्षेत्रको गुणस्तर वृद्धिको लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु प्र.अ.ज्यूहरु, विभिन्न राजनैतिक दल,समाजसेवी शिक्षा विद एवं बुद्धिजीवीहरु लगायत शिक्षा क्षेत्रका सवै सरोकारवालाहरुको उपस्थितिमा विद्यालयमा शिक्षाको गुणस्तर सुधारको अन्तरक्रिया र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने कार्य सम्पन्न गरिएको छ । सशर्त अनुदानवाट तोकिएका कार्यक्रमहरु सम्पन्न गरिएको छ । शिक्षा नियमावली २०७५ तयार गरी तेस्रो गाउँ सभावाट पारित भै सकेको छ ।

५. स्वास्थ्य क्षेत्रको सुधारका लागि वित्तिय समानीकरण र सशर्त अनुदान समेतवाट औषधी खरिद गरी नि:शुल्क वितरणको लागि नियमित आपूर्ति गरिएको छ । गाउँपालिका भित्र कम्तिमा ४०-५० शैयाको अस्पताल निर्माणको लागि प्रदेश र केन्द्रमा समेत पहल गरिएको छ । सन २०२२ सम्म गाउँपालिकालाई पूर्ण सरसफाई यूक्त वनाउने प्रतिवद्धता व्यक्त गरे अनुसार खाद्य सुरक्षा वहुक्षेत्रिय पोषण,पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजनाका क्रियाकलापहरु अन्तिम चरणमा पुगेका छन ।

६. गाउँपालिकाको पार्श्वचित्र (Profile) निर्माण गर्ने कार्य सम्झौता गरी अन्तिम चरणमा पुगेको छ ।

७. विभिन्न धार्मिक ऐतिहासिक र पर्यटकीय स्थलहरु समेटी गाउँपालिकाको ऐनाको रुपमा वृतचित्र (Documentary) तयार गर्ने कार्य सम्झौता गरी अगाडी वढाईएको छ ।

८. गाउँपालिका र वडा कार्यालयलाई सूचना प्रविधिमैत्री वनाईएको छ ।

९. लक्षित समुहको विकासका लागि सिप विकास तालिम र विभिन्न आय आर्जनका कार्यक्रमहरु अगाडी वढाइएको छ ।

१०. गाउँपालिका भित्र रहेका फुसका छाना विस्थापन गरी जस्ताको छाना वनाउने अभियानका साथ यस वर्ष रु. १ करोडवाट शुरु गरिएको फुसको छाना विस्थापन (गरिवलाई छानो) कार्यक्रम E-Tender को माध्यमवाट वोलपत्र आव्हान गरी संझौता सम्पन्न भैसकेको छ । यसै आ. व. भित्रै आपूर्ति कर्तावाट जस्तापाता गाउँपालिका र वडा कार्यालयमा आपूर्ति भैसक्ने छ ।

११. आम जनतालाई सुशासनको प्रत्याभुति दिन नागरिक वडापत्र निर्माण आर्थिक कियाकलाप लगायत सवै गतिविधिमा पारदर्शिता,कानुनको शासन र भष्टाचार नियन्त्रणलाई प्राथमिकता साथ कार्यन्वयन गरिएको छ ।

१२. तल्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अर्न्तरगत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) वाट पारिश्रमिक दिने गरी सूचना प्रविधि अधिकृत सेवा करारमा लिई काममा लगाइएको छ ।

यी भए मुख्य मुख्य उपलव्धिहरु, अव म यहाँहरु समक्ष अथक प्रयासका वावजुत समयमा सम्पन्न गर्न नसकिएका कार्यहरुका वारेमा जानकारी दिने अनुमति चाहन्छु । स्थानीय निकायवाट स्थानीय सरकारको रुपमा स्थानीय तहमा पुनसंरचना भएको र पुनसंरचित तहको लागि आवश्यक पर्ने ऐन कानुन र जनशक्तिको कमीले गर्दा सोचे जति सफलता प्राप्त गर्न सकिएको छैन । आशातित सफलता प्राप्त गर्न नसकिएका मुख्य विषयहरु निम्नानुसार उल्लेख गरेको छु ।

१३. पाच वर्षे योजना अन्तरर्गत अभियानको रुपमा लिईएको फुसको छाना विस्थापन गर्ने कार्यक्रम वर्षातको समय अगाडि नै सम्पन्न गर्नु पर्नेमा ६० लाख भन्दा वढि वजेट भएको योजना E – Bidding को माध्यमवाट गर्नुपर्ने र गाउँपालिकामा दक्ष तालिमप्राप्त प्राविधिक जनशक्ति नभएको कारण साथै पहिलो पटक ३० दिने सूचनामा नियमानुसारको वोलपत्र नपरी पुनःदोश्रो पटक १५ दिने सूचना प्रकाशन गर्नुपर्दा ढिला हुन गएको व्यहोरा यहाहरु समक्ष अनुरोध गर्दछु ।

१४. गाउँपालिकाको शहरी क्षेत्रको फोहोर व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट (कलेक्सन सेन्टर) खोजी गर्दा हाल सम्म पक्का भै नसकेकोले विकल्पको खोजी जारी राखिएको छ ।

१५. कार्य चापको अनुपातमा कर्मचारी पद पूर्ति नभएकोले (२५ जना दरवन्दीमा १२ जना कार्यरत) योजनाको लागत इस्टिमेट, सुपरिवेक्षण र सम्झौता लगायत अन्य कार्यमा सेवाग्राहीलाई छिटो छरितो सेवा दिन नसकिएको व्यहोरा समेत अनुरोध छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अव म यस सुनिल स्मृति गाउँपाकिाको आ.व. २०७५।०७६ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. अवका दिनमा सुनिल स्मृति गाउँपालिकाको स्थानीय सरकारले असहज भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

२. प्रत्येक वडा कार्यालयको केन्द्रसम्म बाह्रै महिना निर्वाध रुपमा सार्वजनिक रुपमा यातायात संञ्चालन हुने गरी आवश्यक स्थानमा पक्की पुल निर्माणको प्रक्रिया सुरु गरी मोटर बाटोको स्तरोन्नती गरिने छ ।

३. गाँउपालिकाको केन्द्रलाई स्मार्ट सिटी बनाउने अवधारणा अनुरुप छिर्ने, वाजावाङ, खाक्सी मेला, वर्जिवाङ, रुनिवाङ क्षेत्रलाई समेटी वाइपास निर्माणको प्रकृया अगाडि बढाइने छ ।

४. **"आफ्नो खाना आफै उब्जाऔ"** अभियान अर्न्तगत **"एक घर एक करेसाबारी"** को निति लाई कार्यन्वयन गरिने छ । सुनिल स्मृति गाउँपालिकामा कृषि अन्न तथा वालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ तथापी जिल्लाका अन्य स्थान भन्दा राम्रो खेतिको सम्भावना भएको हुदाँ अनुकुल समयमा उत्पादन हुने धान मकै,कोदो आलु, जौ, उवा, फापर लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ । जनताको खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन कृषिलाई आधुनिकरण र व्यवसायिक बनाइ खाद्यान्न भण्डारणको उचित प्रबन्ध गरिने छ । पशुपालनको रुपमा उन्नत जातको गाई, भैसी, बाख्रा व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै डाले घाँसको प्रर्बधन तथा निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइनेछ । भूगोलको

प्राबिधिक अध्ययन गरी माटो सुहाउदो बाली, फलफूल तथा तरकारी र वीउ विजन उत्पादन र पशुपालनको साथै मासुको पकेटक्षेत्रको रुपमा बिकास र विस्तार गरिनेछ ।

५. "**एक घर, एक धारा**" को नीति लाई कार्यान्वयन गरिने छ । स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । सुनिल स्मृति गाउँपालिका क्षेत्रमा शहरीकरण सँगै विस्तार हुने फोहरमैलाको व्यवस्थापन गर्न ल्याण्डफिल्ड साईडको पहिचान लगायत अन्य व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । **"सफा र स्वच्छ खानपान, सुनिल स्मृति को पहिचान"** को नारा लाई मुर्तरुप दिने खालका कार्यक्रमहरु ल्याइ संचालन गरिने छ ।

६. **"एक वडा एक खेल मैदान"** को नीतिलाई निरन्तरता दिइने छ । स्वस्थ, अनुशासित तथा सिर्जनसिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ, यसका लागि गाउँपालिकामा एउटा राष्ट्रियस्तरको रङ्गशाला निर्माणका लागि आवश्यक प्रकृया अघि बढाइनेछ ।

७. **"युवाको शान श्रमको सम्मान"** अभियान लाई प्रेरित गर्दै युवाहरुलाई श्रममा आर्कषित गरिने निति अवलम्वन गरिने छ । उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको सीपमूलक र व्यवसायिक तालिम दिइनेछ । रोजगारीको सृजनाको लागि लोक सेवा आयोगको तयारी कक्षा संचालन गरिने छ ।

८. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न शिक्षा नियमावली अनुसार

- स्नातक तह अध्ययनको लागि क्याम्पस स्थापनाको लागि पहल गरिनेछ ।
- सबै वडामा १० + २ अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- १२ कक्षा सम्म अनिवार्य शिक्षाको निति लिई कार्यान्वयन गरिनेछ ।
- अल्पसंख्यक, विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गरी अनिवार्य विद्यार्थी भर्ना दरमा वृद्वि गरिनेछ ।
- शिक्षाको गुणस्तर वृद्वि गर्न आईपर्ने आर्थिक समस्यालाई समाधान गर्न शिक्षा नियामवली अनुसार शिक्षा कल्याणकारी कोष खडा गरिनेछ ।

९. गाउँपालिकामा भूगोल र जनसंख्याको चापलाई मध्यनजर गरी कम्तीमा ४० देखि ५० शैयाको अस्पताल निर्माण गर्न यथेष्ट पहल गरिनेछ । गाउँपालिकाका सम्पूर्ण वडाहरु पुर्ण खोपयुक्त घोषणा भइसकेका छन् यसको प्रभावकारिता अभिबृद्दी गरिनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त र पूर्ण पोषणयुक्त बनाउनाका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वाथ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिने छ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि

प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्वास्थ्य सिविर संचालन गरी जनताको स्वास्थ्य स्थितिलाई सुधार गरिने छ ।

१०. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभग्राहीहरुको विवरण अनलाइनमा अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

११. वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकासको वातावरण सृजना गरिनेछ ।

१२. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

१३. क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक,साँस्कृतिक,सामाजिक तथा पर्यटकीय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ । पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको बाटो सुधार गर्ने, होटल तथा होमस्टे र अन्य सेवा उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने, ट्रेकिङ रुटमा होमस्टे हाउस निर्माण गर्ने, पदयात्रीहरुको जानकारीका लागि ठाउँठाउँमा पर्यटकीय जानकारीहरु, उचाई तथा उक्त क्षेत्र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानी तथा पुर्व तयारीका वारेमा जानकारी सहितका वोर्डहरु राख्ने कार्य गरिनेछ । यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गर्ने, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

१४. **"गरिबलाई छानो"** अभियान अर्न्तगन फुसको छानोलाई जस्ताले विस्थापन गर्ने नितिलाई निरन्तरता दिइने छ । आगामी चार बर्षभित्र सुनिल स्मृति गाउँपालिका भित्र खर वा फुसको छाना भएका घरहरुलाई ढुङ्गा वा जस्ताको छानाले विस्थापित गरिनेछ । यस गाउँपालिका भित्र अव बन्ने

घरहरु भूकम्प प्रतिरोधी बन्नेछन ।भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नेपाल सरकारको निर्धारित मापदण्ड भित्र रहि गाउँपालिका भित्र आवश्यक नीति बनाई कार्यान्वयन गर्दै लगिने छ ।

१५. **"हरेक वडा प्रविधिमैत्री वडा"** को नारालाई मूर्त रुप दिन पहल भैसकेकोले निरन्तरता दिदै लगिने छ । सञ्चार क्षेत्रको विकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।

१६. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

१७. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१८. यस गाउँपालिका अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।

१९. यस गाउँपालिकाका जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारीहरुलाई समयानुकुल व्यवहार,आचरण प्रर्दशन गर्न तथा सेवा प्रवाहलाई जनमुखी र उत्तरदायी वनाउन विभिन्न तालिम, गोष्ठी, अध्ययन भ्रमण लगायत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसकालागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरी अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ । विश्व वातावरण दिवस र अन्य दिवसमा वृक्षारोपनलाई प्राथमिकताका साथ अगाडि बढाईने र वातावरण स्वच्छ राख्न हरेक ठाउँ ठाउँमा पोखरी निर्माणलाई प्राथमिकता दिईने छ ।

२१. "**मेरो घर, उज्यालो घर**" अभियान अर्न्तगत गाँउपालिका क्षेत्र भित्र विद्युतीकरणको लागि पहल गरिने छ । गाउँपालिका भित्र उपलव्ध जलस्रोतको अधिकतम् उपयोग गर्दै बहुउपयोगी जलविद्युत गुरुयोजना तयार गरिनेछ । सुनिल स्मृति गाउँपालिकामा कार्यक्रम संचालन गरि विद्युतको भरपर्दो व्यवस्था गरिनेछ ।

२२. यस क्षेत्रको आन्तरिक साधन स्रोतको पहिचान गरिनेछ । राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणम जोड दिइनेछ ।

२३. गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु गुणस्तरीय, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्यविधि बनाई तत्काल लागू गरिनेछ ।

२४. आ. व को अन्त्यतिर मात्र विकास निर्माणका कार्य संचालन गर्ने कार्यलाई निरुत्साहित गर्दै आर्थिक वर्षको सुरुमै कार्यतालिका वनाई काम सुरु गर्ने र समयमा नै गाँउपालिकाका कार्यक्रमहरु सम्पन्न गरिने छ ।

अन्तमा हाम्रो र राम्रो अव्वल सुनिल स्मृति गाउँपालिका वनाउनको लागि यस आ. व. मा पनि भरपुर क्षमता प्रर्दशन गर्ने सबै जनप्रतिनिधि राष्ट्र सेवक कर्मचारी, बुद्विजीवी, राजनितिक दल विभिन्न संघ संस्था, निजि क्षेत्र, पत्रकार जगत र सुनिल स्मृति गाँउपालिकाका सबै जन समुदायमा विशेष सहयोगको र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

अव म आ.व. २०७५/०७६ को वार्षिक वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु

सताब्दीयौ देखि एकात्मक राज्य प्रणालीको अभ्यास गरेका हामी आज संघीयता कार्यान्वयनको पहिलो चरणमा छौं । हाम्रा सामु गाउँ गाउँमा आएको सिंहदरबारको चुनौतिपूर्ण अविभारा पूरा गर्ने गहन जिम्मेबारी एकातिर छ भने अर्कोतिर अनेकौं चुनौतीहरुका बीच गाउँपालिकाको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी समृद्ध गाउँपालिका निर्माण गर्ने दायित्व पनि छ ।

हामीले महसुस गरेका छौ विकासको पहिलो शर्त भनेको आधारभूत पूर्वाधार विकास नै हो । भौगोलिक कठिनाई र प्रयाप्त श्रोत साधनको अभावले हाम्रा आधारभूत आवश्यकता समेत पूरा हुन सकेका छैनन । यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, सिंचाई, कृषि क्षेत्रको अग्रगामी छलाङ विना हामीले हाम्रा आवश्यकता पूरा गर्न सक्दैनौ । यसर्थ हाम्रो प्राथमिकता भनेको आधारभूत पूर्वाधार विकास नै हो ।

अध्यक्ष महोदय,

अव म बजेटका प्राथमिकताका क्षेत्रहरु अवगत गराउने अनुमती चाहन्छु :

आ.ब.२०७५/०७६ का प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहका छन् :

१. आर्थिक, सामाजिक विकास र गरिवी न्युनिकरण,
२. पूर्वाधार विकास,
३. संस्थागत विकास, सुशासन र सेवा प्रवाह,
४. जनसहभागिता,
५. लैंगिक समानता र सामाजिक समावेशीकरण
६. दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापन
७. राजश्व परिचालन

आ.ब.२०७५/०७६ का वजेटका उद्देश्यहरु :

१. आधारभूत भौतिक पूर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको अभिवृद्धि गरी गरिवी न्युनिकरणमा टेवा पुर्याउने,

२. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणमा जोड दिने,

३. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,

४. आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायतमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गर्ने,

५. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने,

६. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण लगायतको कार्यहरु मार्फत सुशासन प्रवर्धन गर्ने,

७. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने ।

सभाध्यक्ष महोदय,

अव म आ.व. २०७५/०७६ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु :

उल्लेखित निति तथा कार्यक्रम सम्पन्न गर्न आ.व.२०७५/०७६ मा कुल बजेट रु. ३६ करोड ७४ लाख ७० हजार ८ सय रुपैया रहेको छ । कूल बजेट मध्ये संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ९ करोड २४ लाख र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ४२ लाख ९८ हजार गरी जम्मा ९ करोड ६६ लाख ९८ हजार, संघीय सरकारबाट प्राप्त राजस्व वाडफाड वाट रु. ७ करोड ४५ लाख ३ हजार र प्रदेश सरकारबाट प्राप्त राजस्व वाडफाड रु. ५० लाख २५ हजार गरी जम्मा ७ करोड ९५ लाख २८ हजार, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. १२ करोड ८६ लाख र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु. ९६ लाख गरी जम्मा १३ करोड ८२ लाख, संघीय सरकारबाट प्राप्त सामाजिक सुरक्षा भत्ता रु. ४ करोड ३० लाख ४४ हजार ८ सय र गाँउपालिकाको आन्तरिक आम्दानी रु. १ करोड रहेको छ ।
संकलन हुन सक्ने सम्भावित आन्तरिक श्रोत, प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान रकम, संघीय सरकारबाट प्राप्त हुन सक्ने विशेष अनुदान रकम, जिल्ला समन्वय समितिद्धारा स्थानीय तहलाई बाडफाँड हुने रकम, यस आ. व. २०७४।०७५ मा काम सम्पन्न नभई संचित कोषमा फिर्ता हुने रकम र साझेदार निकायहरुवाट प्राप्त हने रकम आदिका सन्दर्भमा विशेष कार्यक्रमहरु स्वीकृत गरी खर्च गरिने छ ।

कूल बजेट रकम मध्ये चालु खर्च तर्फ राजस्व वाडफाड र आन्तरिक आम्दानी मध्येवाट रु. ४ करोड ६५ लाख ५६ हजार ५ सय, सामाजिक सुरक्षा तर्फ ४ करोड ३० लाख ४४ हजार ८ सय, पूँजीगत खर्च तर्फ रु. १३ करोड ९६ लाख ६९ **हजार** ५ सय र सशर्त अनुदान तर्फ १३ करोड ८२ लाख विनियोजन गरिएको छ ।

- आर्थिक विकास तर्फ कृषि क्षेत्रको विकास तथा आधुनिकिकरण, उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तार, पर्यटन प्रवर्द्धन, सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तारको लागि रु १ करोड ३१ लाख २० हजार रकम विनियोजन गरिएको छ ।
- सामाजिक विकास तर्फ शिक्षा क्षेत्रको विकास, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्वन, खेलकूद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समग्र विकास र विस्तारको लागि रु ४ करोड २० लाख ७० हजार रकम विनियोजन गरिएको छ ।
- पूर्वाधार विकास अर्न्तगत स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) र संचार क्षेत्रको समग्र विकास र विस्तारको लागि रु ५ करोड २९ लाख २० हजार रकम विनियोजन गरिएको छ ।
- वातावरण तथा विपद व्यवस्थापन तर्फ वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तत, फोहर मैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र वारुण यन्त्र सञ्चालन आदि कार्यको लागि रु ९१ लाख ४५ हजार रकम विनियोजन गरिएको छ ।
- संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्वन, अनुसन्धान तथा विकास आदि कार्यको लागि रु २ करोड २४ लाख १४ हजार ५ सय रकम विनियोजन गरिएको छ ।
- सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहिमैत्री बनाउन तथा चुस्त, सक्षम, प्रभावकारी, भ्रष्टाचारमुक्त प्रशासन संचालनका लागि कुनै कसर बाँकी राखिने छैन । गाँउपालिकाको विनियोजित वजेटवाट तलब भत्ता भुक्तानी लिने गाँउपालिका र वडा कार्यालयका राष्ट्रसेवक कर्मचारीलाई कामप्रति उत्प्रेरित गराउन तथा जनता प्रति उत्तरदायी बनाउन कार्यसम्पादन सूचकका आधारमा मासिक आईपाई आएको तलबको ३० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु । त्यस्तै अतिरिक्त समय काम गरेवापत दैनिक अतिरिक्त कार्य सम्मको आधारमा पाउने आवश्यक रकम समेत विनियोजन गरेको छु । यसबाट सेवा प्रवाहमा अपेक्षित सुधार आउने विश्वास लिएको छु ।
- वित्तीय क्षेत्र सुधार, वित्तीय जोखिम न्युनिकरण, राजश्व परिचालन, कर संकलन, अभिलेख व्ववस्थापन, लेखा परिक्षण लगाएत व्यवस्थापकीय कार्यका लागि आवश्यक रकम विजियोजन गरेको छु ।
- प्राकृतिक तथा मानविय विपद प्रतिकार्य तथा व्यवस्थापनका लागि गाउँपालिका स्तरमा विपद व्यवस्थापन कोष स्थापना गरी कार्य अघि वढाईने छ । सो को लागि रु ६ लाख विनियोजन गरेको छु ।
- फोहोरमैला विशेष कोष स्थापना गरी यसको व्यवस्थापनमा सहयोग पुऱ्याउन आवश्यक रकम विनियोजन गरको छु ।

- "गरीवका लागि छाना कार्यक्रम" अन्तरगत अति गरिव तथा विपन्न वर्गको स्तर उकास्न ४ वर्षे कार्ययोजना बनाई फुस वा खरबाट बनेको घरहरुलाई ढुङ्गा वा जस्ताको छानोले विस्थापित गरिने छ यसका लागि रु १ करोड रकम छुट्याएको छु ।

अन्त्यमा, असीमित आवश्यकताहरुलाई सीमित श्रोत साधनबाट एकै वर्षमा परिपूर्ति गर्न पक्कै पनि गाह्रो भएको छ । आवश्यकता र प्राथामिकताको आधारमा योजना तथा कार्यक्रमहरु छनौट गरी आगामी आर्थिक वर्षहरुमा क्रमशः कार्यान्वयन गर्दै लगिने नै छ ।

अध्यक्ष महोदय,

जन अपेक्षाहरु धेरै रहेका छन् । हामी जनप्रतिनिधीबाट जनताले धेरै ठूलो आशा र विश्वासको अपेक्षा गरेका छन्, हामी हाम्रो क्षमता र विवेकलाई अधिकतम प्रयोग गरी जनताको अपेक्षा पूरा गर्ने बाचा गर्दछौं ।

हाम्रो निमन्त्रनालाई स्वीकार गरी पाल्नुहुने सबैलाई आभार प्रकट गर्न चाहान्छु ।
राष्ट्रसेवक कर्मचारीहरुबाट समन्वयात्मक ढङ्गबाट गाउँको विकासमा सहकार्य गर्ने विश्वास लिएको छु, साथै आ.व. २०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट निर्माण प्रकृयामा अहम भूमिका निर्वाह गर्नुहुने कार्यकारी अधिकृत ज्यु, गाउँपालिकाका कर्मचारी साथीहरु, विभिन्न विषयगत समितिका सदस्य ज्युहरु विशेष धन्यबादका पात्र हुनुहुन्छ ।

आगामी दिनहरुमा योजना कार्यान्वयनका क्रममा सवै जनप्रतिनिधीहरु, कर्मचारी वर्ग, उपभोक्ता समूह लगायत सरोकारवाला सबैको साथ, सल्लाह र सहयोगको अपेक्षा गर्दछु ।

आ.व. २०७५/०७६ को वार्षिक योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ ।

गुणेन्द्र घर्ती
गाउँपालिका अध्यक्ष

अनुसूची-१

आ.व. २०७५/०७६ को आय विवरण

क्र.सं.	विवरण	रकम रु.	आम्दानीका श्रोतहरु	रकम (रु)			कैफियत
				संघ वाट	प्रदेश वाट	जम्मा	
१	कूल बजेट	३६,७४,७०,८००	वित्तिय समानिकरण अनुदान	९,२४,००,०००	४२,९८,०००	९,६६,९८,०००	
२			राजश्व वाडफाड	७,४५,०३,०००	५०,२५,०००	७,९५,२८,०००	
३			आन्तरिक आम्दानी			१,००,००,०००	
४			सशर्त अनुदान	१२,८६,००,०००	९६,००,०००	१३,८२,००,०००	
५			सामाजिक सुरक्षा भत्ता	४,३०,४४,८००	(	४,३०,४४,८००	
६			साझेदार निकायहरुबाट				
जम्मा		**३६,७४,७०,८००**		**३४,८५,४७,८००**	**१,८९,२३,०००**	**३६,७४,७०,८००**	

आ.व. २०७५/०७६ को व्यय विवरण

क्र.सं.	विवरण	रकम रु.	श्रोतहरु	रकम रु.	कैफियत
१	कूल बजेट	३६,७४,७०,८००	चालु खर्च	४,६५,५६,५००	
२			सशर्त अनुदान	१३,८२,००,०००	
३			पूँजिगत खर्च	१३,९६,६९,५००	
४			साझेदार निकायहरु	-	
५			सामाजिक सुरक्षा भत्ता	४,३०,४४,८००	
जम्मा		**३६,७४,७०,८००**		**३६,७४,७०,८००**	

अनुसूची-२
चालु तर्फ

आ.व २०७५।०७६ वार्षिक वजेट बित्तिय समानिकरणको विनियोजित वजेट गाउँपालिका तर्फको चालु खर्च आर्थिक कार्यविधि नियमावलीको अधिनमा रही आन्तरीक लेखापरीक्षण तथा अन्तिम लेखापरिक्षण सम्पन्न गर्ने गराउने गरी तपाई लाई खर्च गर्ने गरी यो अख्तियारी प्रदान गरीएको छ ।

रु हजारमा

खर्च शिर्षक	विवरण	वार्षिक वजेट	वडा कार्यालयको लागि								गाउँपालिका	जम्मा
			१	२	३	४	५	६	७	८		
२११११	पारिश्रमीक (तलव कर्मचारी)	१००००	०	०	०	०	०	०	०	०	१००००	१००००
२११२१	पारिश्रमीक (पदाधिकारी)	६०१०	०	०	०	०	०	०	०	०	६०१०	६०१०
२१११२	स्थानीय भत्ता	१४९०	०	०	०	०	०	०	०	०	१४९०	१४९०
२११२१	पोशाक भत्ता (कर्मचारी)	३९०	०	०	०	०	०	०	०	०	३९०	३९०
२११२१	पदाधिकारी पोषाक	४४०	०	०	०	०	०	०	०	०	४४०	४४०
२२१११	पानी/विजुली	३००	१०	१०	१०	२०	१०	१०	१०	१०	२१०	३००
२२११२	संचार	५००	१०	१०	१५	१५	१०	१०	१०	१०	४१०	५००
२१२१४	कर्मचारी कल्याण कोष	७५	०	०	०	०	०	०	०	०	७५	७५
२११३२	मंहगी भत्ता	१०००	०	०	०	०	०	०	०	०	१०००	१०००
२११३९	अन्य भत्ता	५०७०	१६८	१६८	१६८	१६८	१६८	१६८	१६८	१६८	३७२६	५०७०
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	१०००	२०	२०	२०	२०	२०	२०	२०	२०	८४०	१०००
२२२१४	विमा तथा नविकरण खर्च	२९६	१०	१०	५	५	५	५	५	५	२४६	२९६
२२३११	मसलन्द तथा कार्यालय सामान	८००.५	३१	३१	३१	३१	३१	३१	३१	३१	५५२.५	८००.५
२२२१३	सवारी साधन मर्मत	१०००	४५	४५	३०	३०	३०	३०	३०	३०	७३०	१०००
२२३१५	पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च	२५००	५	५	५	५	५	५	५	५	२४६०	२५००

२२४११	सेवा र परार्मश खर्च	३०००	४०	४०	४०	४०	४०	४०	४०	४०	२६८०	३०००
२२५२२	कार्यक्रम खर्च	२०००	०	०	०	०	०	०	०	०	२०००	२०००
२२५२९	विविध कार्यक्रम खर्च	३००	०	२०	०	०	०	३०	०	०	२५०	३००
२२६११	अनुगमन मुल्याण्कन खर्च	५८००	१८५	१८५	१८५	१८५	१८५	१८५	१८५	१८५	४३२०	५८००
२२६१२	भ्रमण खर्च	५००	०	०	०	०	०	०	०	०	५०००	५००
२२७११	विविध खर्च	२७३०	४०	५०	४०	६०	४०	४०	४०	४०	२३८०	२७३०
२२७२१	गाउँसभा खर्च	३००	०	०	०	०	०	०	०	०	३००	३००
२७१११	सामाजिक सुरक्षा भत्ता	४३०४४.८	०	०	०	०	०	०	०	०	४३०४४.८	४३०४४.८
२८१४२	घर भाडा	१०००.००	०	०	०	१८०	८४	०	०	०	७३६	१०००.०
२८१४३	अन्य भाडा	५५	०	०	०	०	०	०	०	०	५५	५५.०
जम्मा		**८९६०१.३०**	**५६४**	**५९४**	**५४९**	**७५९**	**६२८**	**५७४**	**५४४**	**५४४**	**८४८४५.३०**	**८९६०१**

अनुसूची-३

गाँउपालिकावाट संचालन गरिने कार्यक्रमहरु

क्र.सं.	विवरण	विनियोजित रकम रु.	शिर्षक
१	फुसको छानो विस्थापन	१००००००	सामाजिक विकास
२	व्याकहो लोडर खरिद	४६०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
३	हलुका सवारी साधन खरिद	६६०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
४	फोहर मैला संकलन केन्द्र	३०००००	वातावरण तथा विपद् व्यवस्थापन
५	शिक्षा कल्याणकारी कोष	३०००००	सामाजिक विकास
६	स्वास्थ्य संस्था औषधी खरिद	१५०००००	सामाजिक विकास
७	कृषि कार्यक्रम	३०००००	आर्थिक विकास
८	पशु सेवा कार्यक्रम	२०००००	आर्थिक विकास
९	महिला विकास कार्यक्रम	३०००००	सामाजिक विकास
१०	सहकारी कार्यक्रम	२०००००	आर्थिक विकास
११	घरेलु तथा साना उद्योग विकास कार्यक्रम	५०००००	आर्थिक विकास
१२	न्यायिक समिति कार्यक्रम	२०००००	सामाजिक विकास
१३	विपद् व्यवस्थापन कोष	५०००००	वातावरण तथा विपद् व्यवस्थापन
१४	सम्पूरक कोष	१०००००	आर्थिक विकास
१५	मर्मत सम्भार कोष	५०००००	पूर्वाधार विकास
१६	एक वडा एक खेल मैदान	४०००००	सामाजिक विकास
१७	कला साहित्य संस्कृति प्रर्वधन	५०००००	सामाजिक विकास
१८	स्वास्थ्य सिविर संचालन	२०००००	सामाजिक विकास
१९	गाउँसभा खर्च	२०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२०	फर्निचर खरिद	५०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२१	मेसिनरी औजार खरिद	५०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२२	अनुसन्धान परामर्श खर्च	१०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२३	लक्षित समूह	५०००००	सामाजिक विकास
२४	वहुक्षेत्रिय पोषण कार्यक्रम	३०००००	सामाजिक विकास
२५	पर्यटन विकास (मोहत्सव, होमस्टे,	१०००००	आर्थिक विकास

	च्यार्फटिङ)		
२६	लोकसेवा तयारी कक्षा संचालन	२०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२७	अध्ययन अवलोकन भ्रमण	३०००००	संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२८	शिक्षा तर्फ परिक्षा संचालन	१०००००	सामाजिक विकास
२९	मुस्लिम समुदायका लागि मदरशा भौतिक सुधार वडा नं ३ रुइनीवाङ	६९५००	सामाजिक विकास
जम्मा		**४६२६९५००**	**४ करोड ६२ लाख ६९ हजार ५००**

अनुसूची-४

गाँउपालिकावाट संचालन गरिने योजनाहरु

क्र.सं.	विवरण	विनियोजित रकम रु.	शिर्षक
१	पंचिकोट उर्लिखोला मालकुनी दमै टोल थुम्पाकी मो. बा. निर्माण, वडा नं १	१५०००००	पूर्वाधार विकास
२	हिले गोगनपानी खलसिंगे हुदै सातदोबाटो मो. बा. निर्माण, वडा नं ९	२०००००	पूर्वाधार विकास
३	कोईरालखर्क वाग्मा जोड्ने मो. बा. निर्माण, वडा नं ४	१५०००००	पूर्वाधार विकास
४	सुलिचौर अरेश जोड्ने मो. बा. स्तरोन्नती, वडा नं ८	५०००००	पूर्वाधार विकास
५	सुलिचौर तेवाङ जोड्ने मो. बा. स्तरोन्नती, वडा नं ७	५०००००	पूर्वाधार विकास
६	काट्ने क्वालीगाँउ मो. बा. निर्माण नयाँ ट्र्याक, वडा नं ५	३०००००	पूर्वाधार विकास
७	काली पोखरा रिभ्का मो. बा. निर्माण, वडा नं ५	८०००००	पूर्वाधार विकास
८	काली पोखरा घोरन्ते काभ्रा वडा कार्यालय जोड्ने मो. बा. निर्माण, वडा नं ५	८०००००	पूर्वाधार विकास
९	पानीपोखरा क्वालीगाँउ मो. बा. स्तरोन्नती, वडा नं ५	५०००००	पूर्वाधार विकास
१०	सुनिलमार्ग मो. बा. स्तरोन्नती, वडा नं ६	२०००००	पूर्वाधार विकास
११	सुनिल स्मृति पार्क निर्माण, वडा नं ६	५०००००	पूर्वाधार विकास
१२	चतर्रभुज वृद्धाश्रम निर्माण, वडा नं २	५०००००	पूर्वाधार विकास
१३	प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर मर्मत, वडा नं ४	५०००००	पूर्वाधार विकास
१४	सुलिचौर बसपार्क हुदै नोकोट मो. बा. स्तरोन्नती, वडा नं ३	१०००००	पूर्वाधार विकास
१५	धोर्लङ, लौवाङ हुदै तल्लोखारा मो. बा. निर्माण, वडा नं ३	१०००००	पूर्वाधार विकास
१६	इलाका प्रहरी कार्यालय सुलिचौर भौतिक सुधार, वडा नं ४	२०००००	पूर्वाधार विकास
१७	जिम्रि सिंचाई योजना, वडा नं २	२०००००	पूर्वाधार विकास
१८	गाँउघर क्लिनिक भवन निर्माण, वडा नं ३	५०००००	पूर्वाधार विकास

१९	सूर्योदय मा. वि सुलिचौर कम्पाउण्डवाल र बाटो मर्मत, वडा नं ४	५०००००	पूर्वाधार विकास
२०	घोडागाँउ गन्धर्व वस्ती मो. बा. निर्माण, वडा नं १	१०००००	पूर्वाधार विकास
२१	धौलिगाँउ सुनिलमार्ग जोड्ने मो. बा. निर्माण, वडा नं ६	५०००००	पूर्वाधार विकास
२२	गजुल किमिचौर फर्साचौर सिंचाई कुलो मर्मत, वडा नं ३ र ६	५०००००	पूर्वाधार विकास
२३	सेमलसार ओखारी पोखराधारा घुम्ती जोड्ने मो. बा., वडा नं ३	२०००००	पूर्वाधार विकास
२४	रुइनिवाङ स्टेपवाल नाली निर्माण, वडा नं ३	२०००००	पूर्वाधार विकास
जम्मा		**२९४००००**	**२ करोड ९४ लाख**

अनुसूची-५

वडावटा संचालन गरिने योजनाहरु

वडा नं. १, घोडागाँउ, रोल्पा

१. आर्थिक विकास

क्र सं	आयोजनाको नाम	आयोजना संचालन हुने स्थान	अनुमानित लागत
१	भेटेरेनरीको सामाग्री तथा औषधि खरिद योजना	वडा कार्यलय	१५०,०००
२	घोडाकोट देवि मन्दिर मर्मत योजना	घोडाकोट	१००,०००
